# कृषि तथा वनविज्ञान विश्वविद्यालय

सेवा आयोगको कार्यालय

रामपुर, चितवन ।

## सह-प्राध्यापक पदको आन्तरिक विज्ञापन सम्बन्धी सूचना ।

कृषि तथा वनविज्ञान विश्वविद्यालयका विभिन्न संकायअर्न्तगत सह-प्रध्यापक पदमा आन्तरिक प्रतियोगिताद्वारा पदपूर्ती गर्नुपर्ने भएकाले योग्य नेपाली नागरिकहरूबाट मिति २०७५ फागुन १२ गतेदेखि २०७५ चैत्र १७ गते आइतबार रातको १२ बजेसम्म र दोब्बर दस्तुर तिरेर २०७५ चैत्र १८ देखि चैत्र २४ गते आइतबार रातको १२ बजेसम्म सेवा आयोगको अनलाइन पोर्टल sc.afu.edu.np मा गई फर्म भर्न सकिने छ । म्याद नाघी प्राप्त हुन आएका तथा रित नपुगेका दरखास्त उपर कुनै कारर्वाही हुने छैन । आवेदकले कृषि तथा वनविज्ञान विश्वविद्यालयको नेपाल बैंक लिमिटेड रामपुर चितवनको खाता नं. ०८५००१०६४२०८३१००००१ मा आवेदन दस्तुर जम्मा गरेको सक्कल भौंचर **स्क्यान** गरी अनलाइनमा नियमानुसार भर्नुपर्नेछ ।

**अनलाइनमा पठाउनुपर्ने कागजातहरू :**

१. भरिएको फर्मको **स्क्यान** कपी ।
२. नेपाली नागरिकताको प्रमाणपत्रको **स्क्यान** कपी ।
३. फोटो ( हालसालै खिचिएको पासपोर्ट साइजको)
४. बैंक भौचरको **स्क्यान** कपी ।
५. बायोडाटा - (पिडिएफ वा वर्ड फाइल)
६. प्रवेशिकादेखि माथिका सबै शैक्षिक योग्यताको लब्धाङ्क पत्र र प्रमाणपत्रहरूका प्रमाणित प्रतिलिपिहरू (अगाडि नै देखिने गरी प्रमाणित गरेको )
७. नेपाल बाहिरका विश्वविद्यालयबाट प्राप्त गरेको शैक्षिक उपाधि (श्रेणी र विषय समेत खुलेको) लाई कृषि तथा वनविज्ञान विश्वविद्यालय वा त्रिवि पाठ्यक्रम विकास केन्द्रबाट स्तर निर्धारण गरेको प्रमाणित प्रतिलिपि ।
८, अनुभवको प्रमाण पत्र : अस्थायी, करार, स्थायी नियुक्ति, सरूवा, बढुवा, आदिको स्पष्ट विवरण खुलाई सम्बन्धित निकायबाट सेवा प्रमाणित पत्रको प्रतिलिपि ।

(क). पद : सह- प्राध्यापक

- आवेदन दस्तुर :- १७५०- (सत्रसय पचास मात्र)

(ख) प्रतियोगिताको किसिम : अन्तर्वार्ता ( अन्तर्वार्ताको मिति पछि प्रकाशित गरिनेछ )

**पद : सह-प्राध्यापक** (आन्तरिक)

| क.स | विज्ञापन नम्बर | विषय | संख्या |
|---|---|---|---|
| १ | ३८/०७५/०७६ | बाली विज्ञान | ०१ |
| २ | ३९/०७५/०७६ | किट विज्ञान | ०२ |
| ३ | ४०/०७५/०७६ | माटो विज्ञान | ०१ |
| ४ | ४१/०७५/०७६ | बायोकेमेष्ट्री | ०१ |
| ५ | ४२/०७५/०७६ | पशु प्रजनन् | ०१ |
| ६ | ४३/०७५/०७६ | स्वायल कन्जरभेसन | ०१ |

**पद : बरिष्ठ प्रशिक्षक** (आन्तरिक)

| क.स | वि.न. | फरेष्टी | संख्या |
|---|---|---|---|
| १ | ४४/०७५/०७६ | | १ |

**आवश्यक न्यूनत्तम योग्यता :**

मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा आवश्यक न्यूनतम शैक्षिक योग्यता (सम्बन्धित विषयमा कम्तीमा द्वितीय श्रेणीमा स्नातकोत्तर तह उत्तीर्ण) पूरा गरी उप-प्राध्यापक पदमा स्थायी भई कम्तीमा ५ वर्ष काम गरेको अनुभव प्राप्त तथा सम्बन्धित विषयको peer reviewed referred journal मा प्रथम लेखक भई कम्तीमा २(दुई) वटा अनुसन्धनात्मक लेख प्रकाशित गरेको ।

अथवा

सम्बन्धित विषयमा प्रथम श्रेणीमा माष्टर डिग्री र पिएचडी प्राप्त तथा क्याम्पस/ महाविद्यालयमा कम्तीमा ८ वर्ष पढाएको अनुभव प्राप्त एवम् हाल उपप्रध्यापक पदमा कार्यरत ।

अथवा

सम्बन्धित विषयमा द्वितीय श्रेणीमा माष्टर डिग्री र पिएच.डी प्राप्त तथा क्याम्पस महाविद्यालयमा कम्तीमा १० वर्ष पढाएको अनुभव प्राप्त एवम् हाल उपप्रध्यापक पदमा कार्यरत ।

अथवा

सम्बन्धित विषयमा प्रथम श्रेणीमा माष्टर डिग्री प्राप्त तथा क्याम्पस/ महाविद्यालयमा कम्तीमा ११ वर्ष पढाएको अनुभव प्राप्त एवम् हाल उपप्रध्यापक पदमा कार्यरत ।

अथवा

सम्बन्धित विषयमा द्वितीय श्रेणीमा माष्टर डिग्री प्राप्त तथा क्याम्पस/महाविद्यालयमा कम्तीमा १३ वर्ष पढाएको अनुभव प्राप्त एवम् हाल उपप्रध्यापक पदमा कार्यरत ।

*पुनश्चः आवेदन फारममा उल्लेख गरिएका लेख, रचना, अनुसन्धान प्रतिवेदन तथा पुस्तकहरूको सक्कल कपी एवम् शिलबन्दी कार्यसम्पादन मूल्याङ्कन फारम तोकिएको सम्पर्क मितिमा सेवा आयोगको कार्यालयमा बुझाउनुपर्नेछ । अन्य आवश्यक जानकारी विश्वविद्यालयको वेभसाइट* www.afu.edu.np/service-commission *बाट प्राप्त हुनेछन् ।*